# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**



| वर्ष-१, अङ्क- ८ | अवधि: १६-२२ मंसिर, २०७९ | मिति: १६ मंसिर, २०७९ |
|---|---|---|



## गत हप्ता (९ देखि १५ मंसिर, २०७९) को मौसमी सारांशः

| |
|---|
| **साप्ताहिक कूल वर्षा:** साताका अधिकांश दिनहरु सफा नै रहेको। साताभरी प्रदेशका कुनै पनि स्थानमा वर्षा नभएको र तराईका भू-भागमा बिहानको समयमा कुहिरो लागेको। |
| **साप्ताहिक तापक्रम:** मुस्ताङको थाकमार्फा केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.५ डिग्री सेल्सियस) मापन भएको। नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को दुम्कौलीमा अधिकतम तापक्रम (३१ डिग्री सेल्सियस) मापन भएको। |

## आगामी हप्ता (१६-२२ मंसिर, २०७९) को मौसमी परिदृश्यः

**मौसमी अवस्थाको सारांश:** साताको शुरु र मध्यमा आंशिक बदली रही हिमाली भू-भागका एक दुई स्थानमा हल्का हिमपातको संभावना रहेको, पहाडी भू-भागका सबैजसो स्थानहरुमा सफा र तराईका भू-भागमा बिहानको समयमा हुस्सु/कुहिरो लाग्ने संभावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा गिरावट हुने संभावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्चपहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन, निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का हिमपात/ वर्षा | हल्का घट्ने | हल्का घट्ने | साताको शुरु र मध्यमा आंशिक बदली रहने र साताको अन्त्यमा मौसम सामान्यतया सफा हुने। | नहुने | साताको शुरु र मध्यमा एक दुई स्थानमा हल्का हिमपातको संभावना रहेको। |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | | हल्का घट्ने | हल्का घट्ने | साताभरी मौसम सामान्यतया सफा रहने। | नहुने | |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का घट्ने | हल्का घट्ने | साताभरी नै मौसम सामान्यतया सफा रहने। | नहुने | साताभरी नै बिहान हुस्सु/कुहिरो को संभावना रहेको। |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- हुस्सु/कुहिरो लागेको समयमा आलुमा पछौटे डढुवा रोग लाग्न सक्ने भएकोले बालीको नियमित निरीक्षण गरी रोगको प्रकोप देखिएमा व्यवस्थापनका विधिहरू अपनाउनुहोस्।
- सुन्तलाजात फलफूलमा फल कुहाउने औंसाको प्रकोप देखा परेमा बगैंचामा झरेका फलहरू तुरुन्तै संकलन गरी नष्ट गर्नुहोस्।
- आलु रोप्दा राम्रोसँग टुसाएका गुणस्तरीय बीउ आलु ढुसीनाशक विषादीले उपचार गरी रोप्नुहोस्।
- कार्तिक पहिलो तथा दोस्रो सातामा लगाएको २०-२५ सेमी उचाइका आलुका बोटलाई उकेरा दिनुहोस्।
- कास्की र तनहुँ जिल्लाका सुन्तलाजात फलफूल बगैंचामा पात खन्ने खपटेको समस्या देखिएकोले पात टिपेर नष्ट गर्नुहोस् र प्रकोप बढी भएमा क्लोरोपाइरिफसयुक्त विषादी २०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।
- नवलपरासी बर्दघाट-सुस्ता पूर्वमा गाई भैंसीमा लम्पी स्किन रोग फैलिएकोले सजगता अपनाई प्राविधिकको सल्लाह बमोजिम रोग व्यवस्थापन गर्नुहोस्।
- जाडो शुरु भएसँगै बाहिरी तापक्रम घट्दै गइरहेको हुँदा पशुवस्तुको खोर/गोठ न्यानो राखी शक्तिबर्धक आहारको व्यवस्था मिलाउनुहोस्। भर्खर जन्मेका र साना बाच्छाबाच्छी/पाडापाडी/पाठापाठीहरुलाई विशेष ध्यान दिनुहोस्।
- कास्की र स्याङ्जा जिल्लामा बंगुरको संक्रामक रोग अफ्रिकन स्वाईन फिभर देखापरेकोले उक्त रोगको रोकथामको लागि बंगुरपालक कृषकले आफ्नो फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्वन गर्नुहोस्।
- पंगास माछाले चिसो मौसम सहन नसक्ने हुँदा पोखरीका माछा झिकी विक्रीवितरण गर्नुहोस्।

**कृषि सल्लाह:**

- धान काटेपछि खेतमा छाडेको पराल र भुस जलाउदा अर्गानिक कार्बन तथा आवश्यक पोषण तत्वहरुको नोक्सान हुने र वातावरणमा प्रतिकूल प्रभाव पर्ने भएकाले उक्त अभ्यासलाई निरुत्साहित गरी बालीका अवशेषहरुलाई जोतेर खेतमा मिलाउनुहोस्।
- मध्य पहाड तथा उच्च पहाडमा गहुँ छर्ने समय भएकोले उक्त क्षेत्रका लागि सिफारिस जातहरु डाँफे, भेरीगंगा, पासाङल्हामु, धौलागिरी, स्वर्गद्वारी, खुमल शक्ति, डब्लु के. १२०४ आदि र ९०० मिटर भन्दा तलको भू-भाग, नदीको छेउछाउ र टार क्षेत्रमा आदित्य, बाणगंगा, बिजय, तिलोत्तमा, बोर्लोग २०२०, गौतम, च्याखुरा, जिङ्क गहुँ १ आदि जातको गुणस्तरीय बीउ प्रति रोपनी ६ केजी का दरले प्रबन्ध गर्नुहोस्।
- गहुँबालीमा सिन्दुरे रोगको प्रकोप बढी देखिने क्षेत्रमा सिन्दुरे रोग अवरोधक जातहरु जस्तै धौलागिरी, स्वर्गद्वारी, मुनाल, च्याखुरा आदि पहाडी क्षेत्रमा र विजय, तिलोत्तमा, बाणगंगा आदि तल्लो भू-भागमा (तराई र भित्री मधेशमा) प्रयोग गर्नुहोस्।
- गहुँ छरेको तेस्रो हप्ता पछि सिँचाईको व्यवस्था मिलाउनुहोस्।
- पहाड तथा तराईमा तोरी छर्ने समय भएकोले तोरी छर्नु पूर्व नाइट्रोजन, फस्फोरस र पोटास(६०:४०:२० केजी प्रतिहेक्टर) सँगै सल्फर २५ केजी प्रति हेक्टरको दरले प्रयोग गर्नुहोस्।
- गहुँबालीमा कालोपोके रोगको प्रकोप हुने क्षेत्रहरुमा गहुँ छर्नु पूर्व बीउलाई कार्बोक्सिन ३७.५% + थिराम ३७.५% डि.एस. (भाइटाभेक्स) २ ग्राम प्रति किलो बीउले उपचार गरेर मात्र छर्ने व्यवस्था मिलाउनुहोस्।
- भित्र्याईसकेको आलुमा जोताहा पुतलीको नोक्सानी नियन्त्रण गर्नको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति केजी का दरले मिसाउनुहोस् वा तितेपातीका टुक्रा आलुको तहमाथि राख्नुहोस्। बीउ आलुको हकमा २ मिलि मालाथियन (५०% ई.सी.) प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।

- आलु लगाउँदा सकेसम्म मझौला खालका, स्थानीय कुखुराको अण्डा आकारका (२५-५० ग्राम तौल भएका) सिङ्गो बीउ आलु रोप्नुहोस्। खायन आलु उत्पादनको लागि बीउ आलु ठूलो भई काट्नुपर्ने भएमा कम्तीमा २ वटा टुसा (आँखा) पर्ने गरी आलु ठाडो पारी काट्नुहोस्। रोप्ने बेला काटेर सोझै रोप्दा काटेको ठाउँबाट रोग कीराको संक्रमण हुनसक्ने र माटोमा अत्याधिक चिस्यान भएमा कुहिने सम्भावना भएकाले रोप्नुभन्दा २/३ दिन अगाडि काटेर कार्बेन्डाजिम २ ग्राम प्रति लिटर पानीको झोलमा ५ मिनेट डुवाएर उपचार गरी हावा खेल्ने उज्यालो कोठामा फिँजाएर राख्नुहोस्।
- तराई, भित्री मधेश तथा मध्यपहाडमा खुमल उपहार, खुमल उज्जवल, डेजिरे, जनकदेव, एम. एस ४२.३ आदि मध्ये उपलब्ध जातहरुको राम्रोसँग टुसाएका गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले ड्याङबाट ड्याङको दुरी ६० सेमी र एक बीउबाट अर्को बीउको दुरी २५ सेमी हुने गरी लगाउनुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने सम्भावना रहन्छ।

  (क) तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)

  (ख) वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)

  (ग) दिउँसो बादल वा कुहिरो लाग्नु

  (घ) छिनछिनमा पानी पर्नु

  (ङ) रातमा अत्याधिक मात्रामा शीत पर्नु

  (च) हल्का हावा चल्नु आदि।



चित्र १ आलुको पछौटे डढुवा लागेको लक्षण

आलुबालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्।

(क) डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तै खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकास आदिको खेती गर्ने।

(ख) आलुको रोपाइ स्थान अनुसार उपयुक्त समयभित्र गरी सक्ने।

(ग) आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार हुन गई रोग फैलने अनुकूल वातावरण हुन पाउँदैन।

(घ) आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।

(ङ) रक्षात्मक उपायका लागि आलु उम्रेको २५-३५ दिनपछि मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रतिलिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक छर्कने।

(च) रोग देखा पर्नासाथ डाइमेथोमर्फयुक्त विषादी १.५ ग्राम प्रतिलिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्नेगरी छर्कने।

- कार्तिक पहिलो तथा दोस्रो सातामा लगाएको २०-२५ सेमी उचाइका आलुका बोटलाई उकेरा दिनुहोस्। उकेरा दिदाँ वा माटो चढाउदा त्यान्द्रामा चोट नलाग्ने गरी गर्नुहोस्।
- गोलभेंडामा टुटा कीराको समस्या देखिएमा पहेंलो चिप्कने पासो र ओटा-टी ट्र्यापको प्रयोग गरी अनुगमन गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल १८.५% एस.सी. १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई वा स्पिनोस्याड ४५% एस.सी. १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्नुहोस्।
- गोलभेंडामा डढुवा रोग देखिएमा रोगी पात र हाँगा हटाई हावा खेल्ने वातावरण बनाउने, उचित सापेक्षिक आर्द्रता कायम गर्नको लागि थोपा सिँचाईको प्रयोग गर्ने र डाइमेथोमर्फ विषादी १.५ देखि २ ग्राम प्रतिलिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने व्यवस्था मिलाउनुहोस्।
- हिउँदे तरकारी बालीहरुमा लाही कीराको प्रकोप देखिएमा अवस्था हेरी प्रभावित भाग हटाउने, नीमजन्य विषादी (०.०३ % एजाडिराक्टिन) ५ एम.एल. प्रति लिटर पानीमा मिसाई एक हप्ताको फरकमा छर्नुहोस्।
- यो समयमा काउली समूहका बालीमा गाँठे रोग (Club root) को प्रकोप देखिने भएकोले देहाय बमोजिमको विधिहरु अपनाउनुहोस्।
  - (क) औजारबाट पनि सर्ने भएकोले रोगग्रस्त जग्गामा प्रयोग भएको औजारलाई सफा गर्नुहोस्।
  - (ख) प्राङ्गारिक मल प्रयोग गरी बेर्ना रोप्नुहोस्।
  - (ग) घुम्ती बाली लगाउनुहोस्।
  - (घ) रोकमुक्त बेर्ना लगाउनुहोस्।
  - (ङ) सोलाराइजेसन गरेपछि मात्र बीउ लगाउनुहोस्।
  - (च) कृषि चुनको प्रयोग गर्नुहोस्।
  - (छ) खेतबारीमा पानीको निकासको राम्रो व्यवस्था गर्नुहोस्।
  - (ज) रोगी बोटको जराहरुलाई लगेर जलाउनुहोस्।
  - (झ) नेबिजिन नामको विषादी ३ ग्राम प्रति बोट वा ३ ग्राम प्रति लिटर पानीमा मिसाई नर्सरीको ड्रेन्चिङ वा १० केजी प्रति रोपनीको दरले जग्गा तयार गर्ने बेलामा प्रयोग गर्नुहोस्।
- मध्यपहाड र तराईमा प्याजको नर्सरी राख्ने उपयुक्त समय भएकाले रेड क्रियोल, नासिक रेड, एन-५३ तथा अन्य सूचीकृत वर्णशंकर जातको नर्सरी राख्नुहोस्।
- अलैंचीको फल टिपिसकेपछि बाली अवशेष लगायत पुरानो सरा हटाउनुहोस् र गानो कुहिने रोगको प्रकोप व्यवस्थापनको लागि कार्बेन्डाजिम ५० डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाई बोटको फेद भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस्।
- हिउँदे फलफूल (स्याउ, नासपाती, ओखर, खुर्पानी, आरु, आरुबखडा, किवी, हलुवाबेद आदि) रोपणको लागि खाडल तयारी गर्ने बेला भएकोले नयाँ बगैंचा स्थापनाको लागि रेखाङ्कन गरी १ घनमिटर (१ मिटर लम्बाई, १ मिटर चौडाई, १ मिटर गहिराई) को खाडल खन्नुहोस्।
- स्याउको दादे रोग (Apple Scab) रोकथामको लागि प्राकृतिक रुपमा पात झर्न थालेपछि ५% को युरियाको घोल (५० ग्राम युरिया प्रति लिटर पानीका दरले मिसाई बनाईएको घोल) पात भिज्ने गरी छर्नुहोस् र यसरी झरेका पात संकलन गरी नष्ट गर्नुहोस्।
- सुन्तलाजात फलफूलमा फल कुहाउने औंसाको प्रकोप देखा परेमा बगैंचामा झरेका फलहरू तुरुन्तै संकलन गरी प्लाष्टिकको झोलामा हावा नछिर्ने गरेर बन्द गरी नष्ट गर्नुहोस् वा गहिरो खाल्डो खनेर गाड्नुहोस्।

- कास्की र तनहुँ जिल्लाका सुन्तलाजात फलफूल बगैंचामा पात खन्ने खपटेको समस्या देखिएकोले पात टिपेर नष्ट गर्ने र प्रकोप बढी भएमा क्लोरोपाइरिफसयुक्त विषादी २०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।





चित्र नं.२ सुन्तलाजात फलफूल लाग्ने पात खन्ने खपटेको लक्षण

- जाडो शुरु भए सँगै बाहिरी तापक्रम घट्दै गइरहेको हुँदा पशुवस्तुहरुमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वास प्रश्वास सम्बन्धी रोग लाग्ने सम्भावना भएकोले पशुवस्तुको खोर/गोठ न्यानो राख्नुहोस्। भर्खर जन्मेका र साना बाच्छाबाच्छी/पाडापाडी/पाठापाठीमा निमोनिया र छेर्ने समस्याका साथै कक्सिडियोसिस्को समस्या देखिने हुँदा विशेष ध्यान दिनुहोस्। खोर-गोठका खुला भागमा हावाको आवत जावत हुने गरी जुटका बोराहरु टाँगेर न्यानो बनाउनुको साथै पशुहरुलाई शक्तिबर्धक आहारको व्यवस्था गर्नुहोस्।
- नवलपरासी बर्दघाट-सुस्ता पूर्वमा गाई भैसीमा लम्पी स्किन रोगको प्रकोप देखिएको छ।यो रोग लागेको पशुमा उच्च ज्वरो आउने, दानापानी खान कम गर्ने, छालामा गिर्खा देखिने, घाउ हुने, दूध उत्पादनमा ह्रास हुने हुन्छ। यस रोगको प्रभावकारी उपचार नभएकोले जैविक सुरक्षामा कडाई गर्ने, नयाँ पशु ल्याउँदा क्वारिन्टिनमा राख्ने, सरसफाईमा ध्यान दिने, रोगी पशुलाई अलग्गै राखी प्राविधिकको सल्लाह बमोजिम एन्टिबायोटिक प्रयोग गर्ने, घाउलाई एन्टिसेप्टिकको झोलले सफा गर्ने, पशुको विक्रीवितरण नगर्ने र बधुवा राख्ने गर्नुहोस्।
- जाडोयाम शुरु भएको हुनाले बाख्रामा निमोनिया रोग लाग्ने संभावना बढि हुन्छ र यो रोगले श्वास प्रश्वासमा असर गर्दछ। निमोनिया लागेमा बाख्राहरुमा अरुची हुने, झोक्राउने, छिटोछिटो श्वास फेर्ने, सिंगान बग्ने, खोक्ने, श्वास फेर्न कठिन हुने, ज्वरो आउने र आँखा रसाउने आदि लक्षण देखाउदछ। तसर्थ, बाख्रालाई चिसोबाट जोगाउने उपायहरु अवलम्बन गर्नुहोस् र खोरमा भेन्टिलेसनको व्यवस्था मिलाउनुहोस्।
- कुखुरामा कक्सिडियोसिस्, सि.आर.डि., एसाइटिस जस्ता रोगहरु देखिन सक्ने भएकोले खोरमा आवश्यक तापक्रमका साथै भेन्टिलेसनको व्यवस्था मिलाउनुहोस्।
- कास्की र स्याङ्जा जिल्लामा बंगुरको संक्रामक रोग अफ्रिकन स्वाईन फिभर देखा परेकोले उच्च सतर्कता अपनाउनुहोस्। उक्त रोगको संक्रमण दर तथा मृत्युदर उच्च रहेको, रोग नियन्त्रणका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोगलाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्। फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर प्रवेश गर्नुहोस्।

- माछा पोखरीमा पानीको तापक्रम घट्न शुरु गरे सँगै माछालाई दैनिक रुपमा दिइँदै आएको दानाको परिमाण पनि क्रमशः घटाउनु पर्ने हुनसक्छ। त्यसैले पानीको तापक्रम नियमित जाँच गर्नुहोस्। माछालाई दाना दिँदा घाम लागेको समयमा मात्र दिनुहोस्।
- धेरै दिनसम्म घाम नलागेको अवस्थामा पोखरीको पानीमा अक्सिजनको कमी हुन जाने हुँदा नियमित रुपमा पानीको गुणस्तरको जाँच गरी एरिएटरको प्रयोग गर्नुहोस्।
- पंगास माछा चिसो मौसममा बचाउन गाह्रो हुनाले पोखरीका माछा झिकी विक्रीवितरण गर्नुहोस् र पोखरीको पानी सुकाई प्रति रोपनी ८-१० केजीका दरले चुन प्रयोग गर्नुहोस्।
- मध्य पहाड र तराईमा हिउँदे घाँसहरु जस्तै जै, बर्सिम, भेच, केराउ, टियोसेन्टि (मकै चरी), बाजरा आदि लगाउनुहोस्। उच्च पहाडी र हिमाली भेगमा क्लोभर, राईघाँस, कोते आदि लगाउनुहोस्।
- हिउँदे घाँस छरेको ३०-३५ दिनमा सिँचाई गरी प्रति रोपनी ३ के.जी. युरियाको दरले टपड्रेस गर्नुहोस्। साथै प्रत्येक कटाई पश्चात युरिया टपड्रेस गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १ | वालकृष्ण अधिकारी | वरिष्ठ कृषि विकास अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| २ | मिन कुमार अर्याल | सि.डि.मे. | जल तथा मौसम विज्ञान कार्यालय, पोखरा |
| ३ | डा. गृष्म नेउपाने | वरिष्ठ पशु विकास अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| ४ | डा. राजेश चौधरी | पशु चिकित्सक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश |
| ५ | रमेश आचार्य | बाली विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेश |
| ६ | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा |
| ७ | लोकनाथ अर्याल | कीट विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा |
| ८ | डा.श्रीप्रसाद न्यौपाने | बाली प्रजनक | ली-बर्ड, पोखरा |
| ९ | नारायण प्रसाद पाठक | कृषि अर्थ विज्ञ | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| १० | शुस्मा मरहट्टा | बाली संरक्षण अधिकृत | बाली संरक्षण प्रयोगशाला, गण्डकी प्रदेश |
| ११ | सागर घिमिरे | कृषि प्रसार अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| १२ | मिलन आचार्य | बाली विकास अधिकृत | कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश |
| १३ | मनिश देवकोटा | मत्स्य विकास अधिकृत | पशुसेवा तालिम केन्द्र, गण्डकी प्रदेश |